जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ५५ पृष्ठः ४ | २०८३ असार ०३ बुधबार (Wednesday 17 June 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहामा अवैध उत्खननमा प्रयोग भएका १० सवारी साधन नियन्त्रणमा



सिरहा, २ असार। सिरहा प्रहरीले जिल्लाको छुट्टा–छुट्टै स्थानबाट अवैध रुपमा उत्खनन तथा ओसारपोसारमा प्रयोग भएका १० वटा टिपर र एउटा स्काभेटर नियन्त्रणमा लिएको छ। प्रहरीले गोलबजार नगरापलिका–३ गागनखोलनबाट ८ वटा टिपर र सिरहा नगरापलिका–१३ गमहरियास्थित कमला नदीबाट दुईवटा टिपर र एउटा स्काभेटर नियन्त्रणमा लिएको हो। अवैध रुपमा ग्राभेल उत्खनन भइरको सूचना पाउनसाथ इकाला प्रहरी कार्यालय गोलबजार र सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस क्याम्प गोलबजारबाट खटिएको संयुक्त प्रहरी टोलीले ग्राभेल लोड गरेको ना.४ख. ८३७३, ना.८ख १५१९, ना.३ख ३८११, ना.६ख ६९८८, म.प्र. ०१–००१ क् ०५१४, बा. प्र. ०३–००१ क ०३३८, प्र. २–०१–००१ क् ०१९० र म.प्र. ०३–००१क ३८९३ नम्बरको टिपर नियन्त्रणमा लिएको हो।

अवैध उत्खनन भइरहेको भन्ने जानकारी पाएर पुगेका प्रहरीलाई देखेर सबै टिपरका चालकहरू टिफर छोडेर फरार भएको इलाका प्रहरी कार्यालय गोलबजारका प्रमुख इन्सपेक्टर सुधन केसीले जानकारी दिए। प्रहरीलाई देखेपछि सबै टिपरका चालक टिपर छोडेर फरार भएकाले अन्य सवारी चालकको सहयोगमा नियन्त्रणमा लिइएका सवारी साधन कार्यालयमा ल्याइपुऱ्याइएको इन्सपेक्टर केसीले बताए। उनले अहिलेसम्म कोही टिपर धनी र चालक सम्पर्कमा नआएको बताए।

त्यसैगरी, सिरहा १३ गमरियास्थिक

**–बाँकी अन्तिम पेजमा**

## गोलबजारबाट करिब २८ किलो गाँजासहित तीन जना पक्राउ

सिरहा, २ असार। सिरहामा करिब २८ किलो प्रतिबन्धित लागूऔषध गाँजासहित तीन जनालाई पक्राउ परेका छन्। इलाका प्रहरी कार्यालय गोलबजारले करिब गोलबजार नगरपालिका–७ चोहर्वाबाट ५ किलो ७१५ ग्राम गाँजासहित दुई जना र गोलबजार–१० बाट थप २२ किलो गाँजासहित एक जनालाई सोमबार राति नियन्त्रणमा लिएको हो। गाँजाको कारोबार भइरहेको सूचनाका आधारमा खटिएको प्रहरी टोलीले धर्मपुरबाट चोहर्वातर्फ आउँदै गरेको नम्बर नखुलेको विद्युतीय अटोलाई रोकी जाँच गर्दा बोराभित्र लुकाइएको ५ किलो ७१५ ग्राम गाँजा बरामद गरेको थियो।

अटो चालक गोलबजार–७ का ३६ वर्षीय रोकेन्द्र बहादुर सुनुवार र अटोमा सवार भारतको बिहार राज्य, पटना जिल्ला धनरुवा ग्राम पञ्चायत निवासी ३० वर्षीय रोहित कुमारलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। पक्राउ परेका रोहित कुमारसँगको सोधपुछका क्रममा प्राप्त जानकारीका आधारमा प्रहरी गोलबजार–१० निवासी छक बहादुरको घरमा पुगेको थियो। घरमा गरिएको खानतलासीका क्रममा चारवटा बोरामा राखिएको २२ किलो गाँजा बरामद भएपछि छक बहादुरलाई पनि नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय गोलबजारका प्रमुख सुधन केसीले जानकारी दिए। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## निःशुल्क स्वास्थ्य पोर्टल शुरू गरेपछि १२ सय जनाभन्दा धेरैको उपचार

काठमाडौं, २ असार। सरकारले विपन्न वर्गको स्वास्थ्य उपचारका लागि निःशुल्क स्वास्थ्य पोर्टल शुरू गरेपछि त्यसमार्फत निःशुल्क सेवा लिनेको संख्या १ हजार २०० नाघेको छ। स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले निःशुल्क स्वास्थ्य उपचारको संवैधानिक हक कार्यान्वयन गर्न गएको वैशाख ३ गतेदेखि अस्पतालका निःशुल्क शय्यासम्बन्धी सूचना दिने अनलाइन प्रणाली 'निःशुल्क स्वास्थ्य पोर्टल' सञ्चालनमा ल्याएसँगै विपन्न वर्ग लाभान्वित भएका हुन्।

पोर्टलमा अद्यावधिक गरिएको जानकारीअनुसार देशभरका सबै अस्पतालमा गरी तत्काल २३ हजार ४५६ वटा शय्या उपलब्ध छन्। यो संख्याको १० प्रतिशत अर्थात् २ हजार ३५६ शय्या पूर्णतः निःशुल्क उपलब्ध छन्। उपलब्ध कुल निःशुल्क शय्यामध्ये अहिले ३५४ शय्यामा बिरामी छन्। यसरी तत्काल २ हजार २ शय्या निःशुल्क उपलब्ध छन्। पोर्टलमा देशभर तत्काल उपलब्ध शय्या संख्या, त्यसको १० प्रतिशतले हुन आउने निःशुल्क शय्या, अहिले प्रयोग भइरहेको निःशुल्क शय्या र बाँकी रहेको निःशुल्क शय्या संख्याको अद्यावधिक जानकारी हुन्छ।

मन्त्रालयले पोर्टलमार्फत अस्पतालहरूमा उपलब्ध हुने अन्य सेवाहरूको अद्यावधिक जानकारीसमेत उपलब्ध गराउने तयारी गरेको जनाएको छ। स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले संविधान र कानूनले विपन्न वर्गका लागि दिएको सुविधा ती वर्गले पाउने अवस्था सुनिश्चित गर्न निःशुल्क पोर्टल कार्यान्वयनमा ल्याइएको बताउनुभयो। नेपालको संविधानको धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बन्चित नगरिने र प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने भन्ने व्यवस्था छ।

साथै सरकारको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड २०७७ को दफा ७० (घ) मा 'अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शय्याको १० प्रतिशत शय्या छुट्याई निःशुल्क उपचार अनिवार्य रूपमा उपलव्ध गराउनु पर्नेछ' भन्ने व्यवस्था छ। त्यसको कार्यन्वयनका लागि अस्पतालहरूमा निःशुल्क उपचार सेवा प्रभावकारी, पहुँचयोग्य र पारदर्शी बनाउने उद्देश्यले यो अनलाइन प्रणालीको विकास गरिएको स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले जानकारी दिनुभयो। सरकारले विपन्न वर्ष लक्षित पोर्टल लागू गरेपछि अस्पतालको अनुगमनका लागि ६ वटा समिति गठन गरी देशका ११ वटा संघीय अस्पतालमा खटाएको जनाएको छ।




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**कृषि उत्पादन वृद्धि गरौं, खाद्य सुरक्षा सुनिश्चित गरौं**

- कृषि पेशाको सम्मान र प्रवर्द्धन गरौं,
- आधुनिक प्रविधिको प्रयोग गरी धान उत्पादन वृद्धि गरौं,
- उन्नत बीउ, मल तथा सिँचाइको उचित प्रयोग गरौं,
- जमिनको सदुपयोग गरी खेतीयोग्य भूमि संरक्षण गरौं,
- कृषि उत्पादनलाई प्राथमिकता दिई कृषकलाई प्रोत्साहन गरौं,
- विषादीको सुरक्षित र सन्तुलित प्रयोग गरौं,
- स्थानीय जातका धानहरुको संरक्षण र प्रवर्द्धन गरौं,
- व्यवसायिक कृषि प्रणालीमार्फत कृषिमा आत्मनिर्भर बनौं।
- खाद्यान्नको उत्पादन, वितरण, पहुँच र दिगोपना सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## विस्थापितहरू होल्डिङ सेन्टरमा भोकै

सरकारले काठमाडौं उपत्यकाका विभिन्न नदी किनारलगायतमा रहेका अनधिकृत बस्तीहरू उठाउँदा उनीहरूको गाँसवासको उचित व्यवस्था गरिने घोषणा पनि गरेको थियो। सम्भवतः सरकारको यही आश्वासनमा विश्वास गरेर केही विस्थापितहरू अपायक ठाउँमा भए पनि सरकारले तोकेको आश्रय केन्द्रहरूमा (होल्डिङ सेन्टर) बस्न तयार भएका थिए। अनधिकृत बस्तीहरूबाट उनीहरूलाई उठाएपछि सरकारले भने बिस्तारै बिर्सिँदै र बेवास्ता गर्दै गएको देखिन थालेको छ। कीर्तिपुरको राधास्वामी सत्संग होल्डिङ सेन्टरमा आश्रित सुकुम्बासीहरूको खाना बन्द हुनु यसको पछिल्लो उदाहरण हुनपुगेको छ। सोमबार बिहानदेखि खानाको व्यवस्था नभएपछि आश्रितहरू आक्रोशित र निराश हुनपुगेका छन्।

गत डेढ महिनादेखि उनीहरूलाई काठमाडौं महानगरपालिकाको समन्वयमा खाना खुवाईंदै आएका थियो। तर संघीय सरकारबाट खर्चका सम्बन्धमा अहिलेसम्म ठोस निर्णय नआएपछि महानगरपालिकाका क्यान्टिन सञ्चालकले आफ्नो व्यवसायमा असर परेको भन्दै आइतबार बेलुकादेखि खानाको जिम्मा लिन छोडेका छन्। फलस्वरूप सोमबार बिहान आश्रितहरू भोकै हुने अवस्था उत्पन्न भयो। काठमाडौं महानगरपालिका वा संघीय सरकारले आश्रितहरूलाई खानाको नयाँ व्यवस्था गर्न त सक्छ तर यसबाट सरकारको गैरजिम्मेवार प्रवृत्ति भने छोपिँदैन। कारण, एक छाककै अव्यवस्थाका कारण आश्रितहरूमा सरकारप्रति अविश्वास र वितृष्णा उत्पन्न भइसक्यो। सरकारले उनीहरूको उपेक्षा गर्ने र पुनःस्थापनाका लागि गम्भीर नहुने आशङ्का झन् बलियो भएको देखिन्छ।

सुकुम्बासीहरूले खाना बन्द हुने पूर्वजानकारी नपाउँदा बालबालिका भोकभोकै स्कुल जानुपरेको थियो। यसले पनि आमाबाबुलाई बढी नै विचलित र आक्रोशित बनाएको हुनुपर्छ। यसैगरी सरकारले खानाको संस्थागत जिम्मेवारी लिनुको साटो दाता वा सामाजिक संस्थाको दयामा खाना खुवाउने नीति अपनाएकोमा पनि उनीहरूले असन्तुष्टि प्रकट गरेका छन्।

बालबालिका भोकै स्कुल जानुपरेको मात्र होइन होल्डिङ सेन्टरमा रहेका मुटु, कलेजो, फोक्सो, र क्यान्सर जस्ता गम्भीर प्रकृतिका बिरामी तथा वृद्धवृद्धाहरूको उपचारमा राज्यले गरेको उपेक्षाले पनि उनीहरूलाई क्षुब्ध बनाएको छ। समयमा खाना र औषधि नपाउँदा शान्तिनगरबाट विस्थापित भेषराज दर्जीको मृत्यु भएको घटनासमेत उनीहरूले बिर्सन सकेका छैनन्। यसैगरी होल्डिङ सेन्टमा सुरक्षित वासस्थान, गोपनीयता र स्वच्छ शौचालय नहुँदा महिला, बालबालिका र ज्येष्ठ नागरिकहरू मानसिक तथा शारीरिक रूपमा प्रभावित भएकोमा पनि होल्डिङ सेन्टरमा आश्रितहरू दुःखित छन्। सम्भवतः यिनै कारणले उनीहरूले सरकारलाई एक साताभित्र सम्मानजनक रूपमा पुनर्वासको व्यवस्था नभए उठाइएकै स्थानमा फर्कने चेतावनी दिएका हुन्। विस्थापितहरूका सबै माग साता दिनभित्र पूरा गर्न सरकारलाई सहज नहोला तर नागरिकसँग गरिएको वाचाप्रति गम्भीर नहुने सरकारी संस्कृति बदल्ने प्रयासमा भने गम्भीर हुनसक्छ। कम्तीमा पीडितहरूलाई सरकारले बिचल्ली बनाउँदैन भन्ने विश्वास दिलाउन आवश्यक सन्देश दिनसक्नु पर्छ।

सम्भवतः आश्रितहरूको खाना र स्वास्थ्य उपचार तथा बालबालिकाको पढाइको संस्थागत व्यवस्था पहिलो उपाय हुनसक्छ। साथै, सरोकारवालाहरूको समेत सहभागितामा पुनर्वासको विश्वसनीय योजना निर्माण तथा कार्यान्वयनबाट नागरिकमा राज्यप्रति विश्वास फर्काउनुपर्छ।

# शिक्षा–स्वास्थ्य सेवा चुस्त बनाउने हो कि कर लगाउने ?

**सोमबहादुर थापा**

चुस्त–दुरुस्त, सहज र प्रभावकारी स्वास्थ्य–शिक्षा सेवा प्रवाह हुनुपर्छ, यो राज्यको संवैधानिक दायित्वको हो। स्वास्थ्य सेवा प्रवाहमा अलिकति हेलचेर्क्याइँ हुँदा मानिसको जीवन बर्बाद हुन जान्छ भने अलिकति होसियारी अपनाउँदा मानिसको जीवन बाँच्न सक्छ। त्यसैले प्रभावकारी र जवाफदेहीपूर्ण स्वास्थ्य सेवा उपलब्ध गराउन राज्य पनि सधैँ तत्पर हुनुपर्छ भन्ने विश्वव्यापी मान्यता हो।

राज्य जति अगाडि बढ्दै छ, हरेक देशमा नयाँ नयाँ रोग र स्वास्थ्य जटिलता पनि थपिँदै गएका छन्। विश्व स्वास्थ्य संगठनको सन् २०२१ को अध्ययन प्रतिवेदनले विश्वमा धेरै मानिस मार्ने १० मुख्य रोगमध्ये सातवटा त 'नन–कम्युनिकेवल' रोगहरू छन्। धेरै मानिस मार्ने मुख्यतः मुटुरोग, पक्षघात, कोभिड, तल्लो श्वासप्रश्वास इन्फेक्सन, फोक्सोको क्यान्सर, अल्जाइमर्स, मधुमेह, मिर्गौला, क्षयरोग र झाडापखाला छन्।

आयस्तर राम्रो भएका देशहरूमा डिमेन्सिया र क्यान्सर रोगको असर बढी देखिन्छ भने कम आय भएका देशहरूमा कम्युनिकेवल रोगहरूको असर प्रभाव बढी देखिन्छ। नेपालमा पनि धेरै मानिस मार्ने रोगहरूमा यी १० रोग नै रहेको देखिन्छ।

विश्व स्वास्थ्य संगठनको यो अध्ययन प्रतिवेदनले देखाएको अर्को डरलाग्दो तथ्य के छ भने मधुमेह र मिर्गौला रोगको विस्तार यति धेरै बढ्दै गएको छ कि यी रोगले अबको पाँच–सात वर्षमा विश्वका धेरै मानिस मार्न सक्ने देखिन्छ। मिर्गौला रोगको मूल कारण मधुमेह र उच्च रक्तचाप हुन्, यिनलाई रोकथाम गर्न सकिएन भने विश्वकै लागि मिर्गौला रोग डरलाग्दो रूपमा फैलिँदै जाने देखिन्छ।

उक्त अध्ययनले हरेक देशमा कुल जनसंख्याको १० प्रतिशत जनसंख्या मिर्गौला रोगबाट पीडित हुन पुग्छन्। तीमध्ये धेरैको अवस्था नाजुक हुन्छ। मिर्गौला रोगीहरूको अवस्था नाजुक हुनु भनेको तिनलाई मिर्गौला प्रत्यारोपण गरी बचाउनु वा डायलासिस सेवा सहज रूपमा उपलब्ध गराई बचाउनु हो।

यो हिसाबले नेपालमा तीस लाख मानिस मिर्गौला रोगबाट पीडित हुन पुगेको अनुमान गर्नुपर्छ। यसमध्ये कतिको अवस्था नाजुक छ भन्ने अध्ययन गरेको देखिँदैन। अनौपचारिक रूपमा १५ देखि ३० हजार बिरामीको अवस्था नाजुक छ भन्ने अनुमान गरिन्छ। नेपालमा गरिबी र सचेतनाको अभावका कारण एकातिर जनता सिटामोल पनि किनेर खान नसक्ने अवस्थामा छन्। अर्कातिर, राज्यले मिर्गौला, मुटु क्यान्सर, मधुमेह, झाडापखाला, श्वासप्रश्वास, पक्षघातजस्ता जटिल रोग कसरी नियन्त्रणमा राख्ने भन्नेमा ठोस र प्रभावकारी कार्ययोजना ल्याउन सकेको देखिँदैन।

स्वास्थ्य र शिक्षा सेवा प्रवाहका आधारमा सरकारको मूल्यांकन गर्ने गरिन्छ। मानव विकासका सूचकांक राज्यले लगानी गरेको स्थितिको आधारमा मूल्यांकन गर्ने चलन विश्वभर छ। नेपालमा एकातिर यी दुई मानव विकासको क्षेत्रमा लगानी कम गरिन्छ। अर्कातिर, भएको लगानीलाई औचित्यपूर्ण र जवाफदेही रूपले उपयोग गर्न सकेको पाइँदैन।

शिक्षकहरू दलीय भए, चिकित्सकहरू दलीय भए। शिक्षा र चिकित्सा सेवाको सहजता र गुणस्तर खस्किनुको मूल कारण यही हो। स्वास्थ्यमन्त्रीहरू स्वास्थ्य सेवाको आधारभूत समस्या के हुन् भन्ने कुरा बुझ्न चाहँदैनन्। स्वास्थ्य मन्त्रालयका पदाधिकारीहरू सहज र सर्वसुलभ तथा प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका समस्याको समाधानभन्दा जागिर खाएर बस्न रुचाउँदा नेपालमा स्वास्थ्य सेवा जहिले पनि आलोचित बन्दै गएको हो।

उदाहरणका लागि डा. सुधा शर्मा स्वास्थ्य सचिव हुँदा जति चर्चित र जिम्मेवार थिइन्, स्वास्थ्यमन्त्री भएपछि सचिव हुँदाजत्तिको जिम्मेवार मन्त्री बन्न सकिनन् भन्ने टीकाटिप्पणी सुनिन्छ। स्वास्थ्यमन्त्रीको पनि हालत त्यस्तै छ। उनको कार्यसम्पादनस्तर खस्कँदो छ। मन्त्रीको कार्यसम्पादनस्तर मात्रै खस्केको होइन, स्वास्थ्य मन्त्रालय र यसअन्तर्गतका सबै पदाधिकारीहरूको कार्यसम्पादनस्तर झन् खस्कँदै गएको अवस्था छ।

यतिखेर बलियो सरकार छ, जनताले सरकार र सरकारी निकायहरूबाट प्रतिफलमुखी काम खोजेका छन्। सरकारी अस्पतालमा अनियन्त्रित भीड छ, अस्पतालहरूले विकल्प दिन सकेका छैनन्। बलियो सरकार हुँदा पनि कमजोर कार्यप्रणाली अपनाउन थालियो भने नागरिक सडकमा नजालान् भन्न सकिँदैन। स्वास्थ्य बिमा लोकप्रिय कार्यक्रम मात्रै नभएर गरिब नागरिकको विश्वास जित्ने आधार हो। बरु, यसलाई दह्रो, व्यवस्थित र प्रभावकारी बनाउन बिरामीहरूले तिर्नुपर्ने प्रिमियम पनि बढाएर यो कार्यक्रम व्यवस्थित र प्रभावकारी बनाउनुपर्ने देखिन्छ। यतातिर स्वास्थ्य मन्त्रालय र नेपाल सरकारको ध्यान गएको देखिँदैन।

अस्पतालका फार्मेसीहरूमा आवश्यक औषधि पाइँदैन, अस्पतालनजिकैका निजी फार्मेसीमा महँगोमा बिरामी औषधि लिन बाध्य छन्। फार्मेसीपिच्छे औषधिको मूल्य फरक–फरक पाइन्छ। औषधिको मूल्यको नियमित अनुगमन गर्ने जिम्मेवारी पनि सरकारी निकायहरूले नलिँदा बलियो सरकारको कमजोर कार्यशैलीबाट जनता निराश हुन पुगेको अवस्था छ। सरकार गठन भएपछि विगतका सरकारहरूको जस्तो झन्झटिलो र अव्यावहारिक कार्यशैली र प्रवृत्तिमा केही सुधार आएको देखिए पनि परिणाममुखी सुधार आएको देखिँदैन। सरकार निर्माण व्यवसायीको रकम भुक्तानी बाँकी राख्छ। स्वास्थ्य बिमाको रकम पनि भुक्तानी बाँकी राख्छ भने सरकार असफलताको बाटोमा जान लाग्यो भनी बुझ्नुपर्ने हुन्छ।

अरू संवैधानिक र संरचनागत खर्च घटाएर पनि विकास र निर्माणको र स्वास्थ्य बिमाको रकम भुक्तानी दिएर सरकारले आफ्नो गतिशीलता र प्रभावकारिता देखाउन आवश्यक छ। जम्बो संघीय संसद, प्रदेश सरकार, प्रदेशसभा तथा जम्बो सार्वजनिक प्रशासन नेपालको लागि आवश्यक छैन। 'सानो नै उत्तम' भन्ने सिद्धान्तका आधारमा राज्यसंयन्त्रहरूको पुनर्संरचना गरिनुपर्छ। राष्ट्रपतिदेखि तलका कर्मचारीसम्मले लिएका अनावश्यक सुविधा कटौति गरिनुपर्छ। त्यो रकम पूर्वाधार निर्माण र शिक्षा र स्वास्थ्य सेवामा बजेट लगानी गरिनुपर्छ।

कुनै परिणाम नदिने संवैधानिक संस्थाहरूलाई सञ्चित कोषबाट खर्च व्यहोर्ने पद्धतिमा सुधार गरी जनताका सरोकारका विषय शिक्षा, स्वास्थ्य, पूर्वाधार विकासमा बढी लगानी गर्ने पद्धतिको विकास गर्न आवश्यक छ। सरकारले बजेटमा निजी क्षेत्रका विद्यालय र स्वास्थ्य केन्द्रमा सेवा लिएबापत तीन प्रतिशत कर लगाउने घोषणा गरेको छ। सरकारले सार्वजनिक शिक्षा र स्वास्थ्य संस्थाको गुणस्तर, सेवा प्रवाह सुधार नगरी कर लगाउनु कत्तिको जायज हो ?

निजी क्षेत्रको सेवा प्रवाह चुस्त–दुरुस्त, प्रभावकारी देखिन्छ। तर, सार्वजनिक अस्पताल र सार्वजनिक विद्यालयहरूको सेवा प्रवाह, व्यवस्थापन र गुणस्तरमाथि बराबर प्रश्न उठ्ने गरेको छ। तर, निजीमा जाँदा शुल्क पनि महँगो छ, जहाँ सरकारले अनुगमन र मूल्यांकन पनि गर्न सकेको देखिँदैन। नेपालको लागि सार्वजनिक र निजी क्षेत्रको लगानी आवश्यक छ। तर, दुवै क्षेत्रको लगानी र मूल्यलाई व्यवस्थित, प्रभावकारी र उपलब्धिपूर्ण बनाइनु आवश्यक छ।

शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासबाट पर्याप्त मात्रामा वैदेशिक मुद्रा पनि आर्जन गर्न सकिने हुँदा सरकार प्रतिस्पर्धात्मक योग्यता बढाई अगाडि बढ्न तत्पर हुनुपर्ने देखिन्छ। सरकारले स्वास्थ्य, शिक्षा र पूर्वाधार विकासमा आमूल परिवर्तन गरेर अगाडि बढ्न हिचकिचाउनु हुने देखिँदैन। बाह्रखरीबाट

# धुवाँरहित भान्साका लागि विद्युतीय चुल्होको प्रयोग बढाउनुपर्छ : प्रदेश प्रमुख कर्ण

**विजयकुमार साह**

धल्केबर, २ असार। मधेश प्रदेशका प्रमुख प्रा. डा. सुरेन्द्रलाल कर्णले विद्युतीय चुल्होको प्रयोग बढाउनुपर्ने बताउनुभएको छ। धनुषाको लालगढमा आयोजित विद्युतीय चुल्हो नमुना परियोजनाको सिकाइ तथा उपलब्धि विषयक छलफल तथा अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले नेपालमा विद्युत उत्पादन उल्लेखनीय रूपमा वृद्धि भएकाले विद्युतीय चुल्होको प्रयोग बढाउनुपर्ने बताउनुभयो।

उहाँले नेपालमा बढ्दो जलविद्युत उत्पादनको प्रभावकारी उपयोग गर्दै मधेश प्रदेशलाई विद्युतीय चुल्हो प्रयोगमा देशकै नमुना प्रदेश बनाउन सकिने धारणा राख्नुभयो। प्रदेश प्रमुख कर्णले विद्युतलाई केवल ऊर्जाको स्रोत मात्र नभई समाज रूपान्तरणको महत्वपूर्ण माध्यमका रूपमा लिनुपर्नेमा समेत जोड दिनुभयो। उहाँले विद्युतीय चुल्होको प्रयोगले महिलाको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्नुका साथै दाउरा, गुइँठा तथा एलपी ग्याससमा निर्भरता घटाउने उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो, "विद्युतीय चुल्हो प्रत्यक्ष रूपमा आमा, दिदीबहिनी र घरपरिवारको स्वास्थ्यसँग जोडिएको विषय हो। पहिले धुवाँयुक्त चुल्होका कारण महिला आँखा तथा श्वासप्रश्वाससम्बन्धी समस्याबाट पीडित हुन्थे। अहिले विद्युतको पहुँच बढेसँगै सुरक्षित र स्वच्छ खाना पकाउने विकल्प उपलब्ध भएको छ।" उहाँले नेपालले वार्षिक रूपमा ग्यास आयातमा ठूलो रकम खर्च गरिरहेको उल्लेख गर्दै विद्युतीय चुल्होको व्यापक प्रयोगबाट विदेशी मुद्रा बचत हुने र ऊर्जा आत्मनिर्भरता बलियो बन्ने बताउनुभयो।




प्रदेश प्रमुख कर्णले मधेश प्रदेशका करिब सबै घरधुरीमा विद्युतको पहुँच पुगिसकेको उल्लेख गर्दै आगामी दुई / तीन वर्षभित्र प्रदेशलाई विद्युतीय चुल्हो प्रयोगमा देशकै अग्रणी क्षेत्रका रूपमा स्थापित गर्न सकिने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा ऊर्जा विज्ञ पुरुषोत्तम घिमिरेले विद्युतीय चुल्हो खरिद गर्दा गुणस्तरमा विशेष ध्यान दिन आग्रह गर्दै सस्तोभन्दा पनि प्रमाणित सामग्रीको प्रयोग गर्न उपभोक्तालाई सुझाव दिनुभयो। गुणस्तरीय उपकरणको प्रयोगले दीर्घकालीन रूपमा सुरक्षित र भरपर्दो सेवा प्राप्त हुने उहाँको भनाइ थियो।

गणेशमान चारनाथ नगरपालिकाका नगर प्रमुख जितनारायण यादवले विकासलाई सडक, पुल र भवन निर्माणमा मात्र सीमित गर्न नहुने बताउँदै महिलाको स्वास्थ्य र जीवनस्तरसँग प्रत्यक्ष जोडिएको स्वच्छ भान्सा अभियानलाई नगरपालिकाले प्राथमिकतामा राखेको बताउनुभयो। परम्परागत चुल्होबाट निस्कने धुवाँले महिलाको स्वास्थ्यमा गम्भीर असर पार्ने भएकाले विद्युतीय चुल्हो प्रवर्द्धनलाई नगरपालिकाले अभियानकै रूपमा अघि बढाएको उहाँको भनाइ थियो।

उहाँले नगरपालिकाले नवीकरणीय ऊर्जा नीति पारित गरी विद्युतीय चुल्हो प्रवर्द्धनका लागि बजेट विनियोजन गरेको जानकारी दिँदै हालसम्म पाँच सयभन्दा बढी गृहिणीलाई निःशुल्क विद्युतीय प्रेसर कुकर वितरण गरिएको बताउनुभयो। आगामी आर्थिक वर्षमा थप एक हजारभन्दा बढी विद्युतीय चुल्हो वितरण गर्ने तयारी रहेको उहाँले जानकारी दिनुभयो। कार्यक्रममा मधेश प्रदेशका ३० भन्दा बढी स्थानीय जनप्रतिनिधि, ऊर्जा क्षेत्रका विज्ञ, विकास साझेदार संस्था तथा विभिन्न पालिकाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

"विद्या नै धन हो ।"

## श्री जनता माध्यमिक विद्यालय शिशुवारी

**सुरुङ्ग न.पा.-१, सप्तरी**

**विज्ञापन सम्बन्धमा ।**

मिति २०८३/०३/०२

प्रस्तुत विषयमा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०३/०२ को बैठकको निर्णय साथै सुरुङ्गा नगरपालिका सप्तरीको च.नं. ३०१ मिति २०८३/०३/०१ को पत्र अनुसार यस विद्यालयमा उच्च माध्यमिक तह अंग्रेजी विषयको अस्थायी करार दरबन्दी एक र मँध्यमिक तह गणित विषयको राहत/करार दरबन्दी एक शिक्षकको खुल्ला प्रतियोगिताबाट करार शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिम नेपाली नागरिकबा दरखास्त आव्हान गरिन्छ।

तपसिल

| | | | |
|---|---|---|---|
| १ | विज्ञापन नं. | ०१/२०८२/०८३ | ०२/२०८२/०८३ |
| २ | पद | शिक्षक | शिक्षक |
| ३ | तह | उच्च माध्यमिक | माध्यमिक |
| ४ | किसिम | अस्थायी/करार | राहत/करार |
| ५ | विषय | अंग्रेजी | गणित |
| ६ | संख्या | १ (एक) | १ (एक) |
| ७ | शैक्षिक योग्यता | अंग्रेजी मूल विषय लिई स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण। | गणित मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण। स्नातकोत्तरलाई प्राथमिकता। |
| ८ | दरखास्त दस्तुर | २,५००/- | २,५००/- |
| ९ | उमेर | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको। | |
| १० | तलब सुविधा | नेपाल सरकारको नियम अनुसार। | |
| ११ | परीक्षाको किसिम | लिखित, अन्तर्वार्ता र प्रयोगात्मक। | |
| १२ | आवश्यक कागजात | शैक्षिक योग्यताको प्रमाण, नेपाली नागरिकताको प्रमाणपत्र, स्थायी अध्यापन अनुमति पत्रहरुको प्रमाणित प्रतिलिपि २/२ (दुई/दुई) प्रति।पासपोर्ट साईजको फोटो २ प्रति र हस्तलिखित निवेदन। | |
| १३ | दरखास्त दिने मिति | २०८३/०३/०३ देखि २०८३/०३/१७ गतेसम्म विद्यालय समय भित्र। | |
| १४ | सम्पर्क मिति | २०८३/०३/१८ गते विद्यालय समय भित्र। | |
| १५ | परीक्षा मिति | सम्पर्क मितिको दिन तोकिने छ। | |

सम्पर्क मिति : 9812258821, 9861338750, 9842890789 **प्रधानाध्यापक**


# 'बजेटको सफलता कार्यान्वयनले निर्धारण गर्छ'

**विजयकुमार साह**

ढल्केबर, २ असार। मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ४१ अर्ब १३ करोड ८६ लाख रुपियाँको बजेट सार्वजनिक गरेसँगै यसको कार्यान्वयनका सन्दर्भमा मिश्रित प्रतिक्रिया दिइएको छ। केहीले आगामी आवको बजेटलाई प्रगतिशील र व्यवस्थित भनेका छन् भने केही बजेटको कार्यान्वयनमा चुनौती हुने प्रतिक्रिया दिएका छन्।

बजेटबारे प्रतिक्रिया दिँदै मधेश प्रदेशका पूर्वमुख्यमन्त्री तथा नेकपा (एमाले) संसदीय दलका नेता सरोज यादवले विगत वर्षको तुलनामा यो बजेट बढी प्रगतिशील र व्यवस्थित रहेको बताउनुभयो। विगतका कमजोरी सच्याउँदै मन्त्रालयको संख्या घटाइने, एक करोड रुपियाँभन्दा कम लागतका योजना समावेश नगरिएको तथा कृषि, शिक्षा, पर्यटन र उद्योग क्षेत्रलाई प्राथमिकता दिइएको उहाँको भनाइ छ।

उहाँले खर्च नियन्त्रणका लागि पुरस्कार र दण्डको व्यवस्था गरिएको उल्लेख गर्दै बजेट कार्यान्वयनलाई प्रभावकारी बनाइने दाबी गर्नुभयो। बजेटको आकार घट्नुमा संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानमा आएको कमी मुख्य कारण रहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "पहिले समानीकरण अनुदान करिब साढे १२ अर्ब रुपियाँ थियो। अहिले सात अर्ब ८३ करोड रुपियाँमा झरेको छ। यही कारण बजेटको आकार घटेको हो।" प्रदेश सरकारले साउन १ देखि नै बजेट कार्यान्वयन प्रक्रिया सुरु गर्ने तयारी गरेको पनि उहाँले जानकारी दिनुभयो। यस्तै जनता समाजवादी पार्टी (जसपा) नेपालका नेता एवं पूर्वमुख्यमन्त्री लालबाबु राउतले बजेट नारामुखी भएको बताउनुभयो। उहाँले बजेट फेद न टुप्पोको भएको बताउँदै नीति तथा कार्यक्रमभन्दा फरक बजेट आएको दाबी गर्नुभयो। उहाँले अधुरा योजना सम्पन्न गर्ने प्रतिबद्धतालाई सकारात्मक रूपमा लिनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "महत्ववपूर्ण कुरा कार्यान्वयन हो। बजेटमा उल्लेख गरिएका धेरै कार्यक्रम व्यवहारमा कार्यान्वयन हुन सक्लान् भन्नेमा शङ्का छ।"

यसै गरी पूर्वमुख्यमन्त्री सतीशकुमार सिंहले मधेश प्रदेशमा बजेट खर्चको अवस्था सुधार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। प्रदेशमा विगतमा ५० प्रतिशतभन्दा बढी बजेट खर्च हुन नसकेर फ्रिज हुने प्रवृत्ति देखिएको उल्लेख गर्दै उहाँले यथार्थपरक योजना छनोट गर्नुपर्नेमा जोड दिनुभयो।

जग्गा प्राप्ति, जनशक्ति अभाव तथा कार्यान्वयन कमजोरीका कारण धेरै योजना अलपत्र पर्ने गरेको उहाँको भनाइ छ। बजेटको आकार सानो भए पनि कार्यान्वयन प्रभावकारी भए सकारात्मक परिणाम आउने उहाँले बताउनुभयो।

सिंहले शिक्षा, स्वास्थ्य र पर्यटन क्षेत्रलाई विशेष प्राथमिकता दिएको कुरा सकारात्मक रहेको धारणा राख्नुभयो। प्रदेशका सरकारी अस्पतालमा आवश्यक औषधी र सेवा प्रवाह सुधार गर्नुपर्ने तथा विद्यालयमा शिक्षक अभाव समाधान गर्न प्रदेश सरकारले पहल गर्नुपर्ने उहाँको सुझाव छ। पर्यटन क्षेत्रको सम्भावनाबारे चर्चा गर्दै उहाँले जनकपुरस्थित जानकी मन्दिर, धनुषाधाम, गढीमाई र छिन्नमस्ता भगवतीलगायत धार्मिक स्थललाई भारतीय पर्यटक आकर्षित गर्ने केन्द्रका रूपमा विकास गर्नुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "भारतीय पर्यटकलाई मधेशमा केही दिन बस्ने वातावरण बनाउन सकियो भने त्यसले प्रदेशको अर्थतन्त्र बलियो बनाउन ठुलो योगदान पुऱ्याउँछ।" सिंहले प्रदेशमा साना साना योजनाको संख्या घटाएर निश्चित मापदण्डका आधारमा योजना छनोट गर्नुपर्ने आवश्यकता पनि औँल्याउनुभयो।

पूर्वमुख्यमन्त्री जितेन्द्रप्रसाद सोनारले बजेटले कृषि, मानव विकास तथा संघीयता संस्थागत गर्ने विषयलाई प्राथमिकता दिन नसकेको टिप्पणी गर्नुभएको छ। उहाँले गत वर्ष मधेश प्रदेशलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरिए पनि किसानले राहत नपाएको स्मरण गर्दै यस पटकको बजेटमा किसानलाई राहत, मलखादमा अनुदान तथा कृषि क्षेत्रका समस्याको समाधानका लागि ठोस कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "मधेश प्रदेश मानव विकास सूचकाङ्कमा देशकै पछाडि रहेको प्रदेश हो। त्यसैले शिक्षा, स्वास्थ्य र मानव विकासका क्षेत्रमा बढी लगानी आवश्यक छ।"

सोनारले बजेटको आकार घट्नुका साथै खर्चको स्पष्ट कार्यान्वयन संयन्त्र नदेखिएको टिप्पणी गर्नुभयो। बजेट महत्वाकाङ्क्षी देखिए पनि कुन क्षेत्रमा कसरी खर्च गरिने भन्ने स्पष्ट दृष्टिकोण अभाव रहेको उहाँको भनाइ छ। सोनारले दलित, मुसहर, पातरलगायत सीमान्तकृत समुदाय तथा महिलाको शिक्षा र सशक्तीकरणका लागि विशेष कार्यक्रम नआएको भन्दै असन्तुष्टि व्यक्त गर्नुभयो।

यद्यपि एक करोड रुपियाँभन्दा कम लागतका योजना समावेश नगर्ने र टुक्रे योजना नियन्त्रण गर्ने सरकारको निर्णयलाई उहाँले सकारात्मक पक्षका रूपमा लिनुभएको छ। उहाँले बजेटको आकार घट्नु, संघीयता कार्यान्वयनका लागि आवश्यक दृष्टिकोण नदेखिनु तथा लक्षित वर्गका कार्यक्रम पर्याप्त रूपमा समेटिन नसक्नु चिन्ताको विषय भएको उल्लेख गर्नुभयो।

# सप्तरीको १६ वटा स्थानीय तहबाट प्यानकार्ड सहितको सेवा सुरू




**सुधा देव**

सप्तरी, २ असार। जिल्लाको १६ वटा स्थानीय तहबाट स्थायी लेखा नम्बर (प्यान कार्ड) सहितको सेवा प्रवाह सुरू भएको छ। सरकारले देशभरका करदाता सेवा कार्यालय खारेज गरेर स्थानीय तह मार्फत सेवा उपलब्ध गराउने भएपछि जिल्लाका अधिकांश पालिकाले उक्त सेवा संचालनमा ल्याएको हो। जिल्लाको १८ तहमध्ये १६ वटा पालिकासँग सम्झौता भई प्यानकार्ड सेवा शुरू भइसकेको आन्तरिक राजश्व कार्यालय लाहानका कर अधिकृत अमित पौडेलले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, जिल्लाको १८ वटै पालिका मध्ये राजविराज नगरपालिका र रूपनी गाउँपालिकाको कर्मचारीको तालिम बाँकी रहेकोले सेवा सञ्चालन हुन नसकेको हो।

यी दुई पालिकहरूसँग पनि सम्झौता भइसकेकोले अब कर्मचारीलाई तालिम दिएर प्यान कार्ड सेवा सुरू गर्ने योजना रहेको उहाँले बताउनुभयो। आन्तरिक राजश्व कार्यालयका कर्मचारीलाई सम्पर्क व्यक्ति तोकिएको र फोन मार्फत आवश्यक परामर्श दिँदै आएकोले स्थानीय तहका कर्मचारीलाई काम गर्ने क्रममा आउँने समस्या सहजै रूपमा समाधान हुँदै आएको उहाँले बताउनुभयो। जिल्लाको हनुमाननगर कंकालिनि, कंचनरूप, सप्तकोसी, सुरूङ्गा, खड्क, शम्भुनाथ, डाक्नेश्वरी, बोदेबरसाइन नगरपालिका तथा तिलाठी कोइलाडी, छिन्नमस्ता, राजगढ, तिरहुँत, महदेवा, अग्नी साइर कृष्ण संवरण, विष्णुपुर, बलान बिहुल गाउँपालिकाबाट प्यान कार्ड सेवा सुरू भइसकेको छ।

स्थानीय तहबाटै प्यानकार्ड सेवा उपलब्ध भएपछि सेवाग्राहीलाई राजविराज धाउनुपर्ने बाध्यता हटेको छिन्नमस्ता गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशव झाले जानकारी दिनुभयो।

# 'बाल विवाह न्यूनीकरणका लागि सबैको साझा प्रयास गर्नु आवश्यक छ'

**धर्बेन्द्र झा**

जनकपुरधाम, २ असार। मधेश प्रदेशका सभामुख राम अशिष यादवले बाल विवाह न्यूनिकरणका लागि राज्यका साथसाथै सरोकारवाला सबै पक्षको साझा प्रयास आवश्यक भएको बताउनु भएको छ। राष्ट्रिय मानव अधिकार आयोगले मंगलबार जनकपुरधाममा आयोजना गरेको बालविवाहले मानव अधिकार उपभोगमा पार्ने प्रभाव सम्बन्धमा मधेश प्रदेशसभाका सदस्यहरु सँगको परामर्श कार्यत्रमलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो।

उहाँले संविधान र कानूनहरु निमार्णको समयमा सिमान्तीकृत समुदायलाई छलफलमा सहभागिता नगराएकै कारण संविधान प्रति उनीहरुको असन्तुष्टी कायम रहेको र यसले विभिन्न खालका समस्याहरु सृजना भएको बताउनुभयो। उहाँले कानून निमार्ण गर्दा पछाडि पारिएका सिमान्तीकृत समुदाय सँगको छलफल आवश्यक भएको र यसले बाल विवाह जस्ता कुप्रथाहरुको न्यूनिकरणमा सहयोग पुग्ने धारणा राख्नुभयो। उहाँले बाल विवाह न्यूनीकरणका लागि निमार्ण भएका कानूनहरुको कार्यान्वयनको साथसाथै समाजिक स्तरमा जागरुकता बढाउनु आवश्यक भएको बताउनुभयो। उहाँले बाल विवाह न्यूनीकरणका लागि मधेश प्रदेशमा बालिका संरक्षण ऐन सहित छोरीलाई ५० प्रतिशत आरक्षणको व्यवस्था ,बेटी पढाउ बेटी बचाउ जस्ता कार्यत्रमहरु सञ्चालन भएको बताउनुभयो। उहाँले मधेश प्रदेशमा बेटी पढाउ ,बेटी बचाउ कार्यत्रम प्रभावकारी भइरहदा राज्यले नै उक्त कार्यत्रम माथि ग्रहण लगाई दिएको आरोप समेत लगाउनुभयो।

सभामुख यादवले मधेश प्रदेशमा बाल बिवाह न्यूनीकरणका लागि जनजागरण अभियान संचालन गरी आफनो स्तरबाट सबैले सहयोग गर्नु पर्नेमा जोड दिनुभयो। कार्यत्रममा सहभागि भएका प्रदेशसभा सदस्यहरुले बालबिवाह हुनुमा गरिवी र अशिक्षा प्रमुख कारण रहेको भन्दै तिन तहकै सरकारले शिक्षामा जोड दिनु पर्ने धारणा राख्नुभयो। वक्ताहरुले बाल विवाहका कारण मानव अधिकारको उपभोग गर्ने सवालमा विभिन्न खालका प्रभावहरु परिरहेको भन्दै बाल बिवाह गरेकाहरुलाई स्वास्थ्य समस्यादेखि विभिन्न खालका समस्याहरुको सामना गर्न बाध्य हुनु परेको बताउनुभयो।

कार्यत्रममा राष्ट्रिय मानव अधिकार आयोगका उपसचिव गिता दाहालले बाल बिवाहले मानव अधिकार उपभोगमा पारेको प्रभावको विषयमा आफनो प्रस्तुति गर्नुभएको थियो।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## भूमि प्रशासन कार्यालय, लहान (सिरहा)

**हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

उपरोक्त सम्बन्धमा मेरो काका हिरा लाल यादवको नाममा तपसिलको जग्गा दती कायम रहेकोमा निज काकाको अविवाहित अवस्थामा नै मृत्यु भैसकेको निज ज.ध. हिरा लाल यादव तिन जना दाजु भाई रहेको जेठो दाजु मुगां लाल यादबको मिति २०३२/९/१६ मा मृत्यु भएको निजको एकमात्र पत्नि कुश्मा देवी यादवको मिति २०२७/१२/१९ को मृत्यु भएको निजहरुबाट कुनै पनि सन्तानको जायजन्म नभएको र ज.ध.को कान्छो भाई सुबंध यादबको पनि मिति २०६१।११।१६ मृत्यु भएको र निजको एक मात्र पत्नि घुघरी देवी यादबको पनि मिति २०७८।०८।३० गते मृत्यु भएको निजहरुको कोखबाट एक मात्र छोरा म निवेदक राम औतार यादब मात्र रहेकोले तपसिलको जग्गा मेरो नाममा एकलौटी नामसारी गरी पाउन जि. सिरहा गा. वि. स. जिभ्फौल वार्ड नं. २ बस्ने मोधकर यादबको नाति सुवध यादबको छोरा राम ओतार यादबले यस कार्यालयमा नामसारी मि. नं. ५८७ दर्ता मिति २०८३/०२/११ मा निवेदन दर्ता गराएको हुँदा निवेदकको माग बमोजिम उक्त जग्गा नामसारी दर्ता गरी यी निवेदकको नाममा ज. ध. दर्ता प्रमाणपुर्जा दिंदा कोही कसैको हक मेटिने भए वा कोही कसैको जोतभोग र स्वामित्वमा फरक असर पर्ने भए साथै निवेदकको माग बमोजिम जग्गा नामसारी गर्नु नपर्ने कुनै सार्थक कारण भए यो सुचना प्रकाशित भएको मितिले बाटेको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र स–प्रमाण यस कार्यालयमा हकदावी वा उजुर वाजुर गर्न आउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। म्याद भित्र हकदावी नगरेमा निवेदकको माग बमोजिम जग्गा नामसारी दर्ता भई जानेछ। पछि कसैको उजुर वाजुर लाग्ने छैन।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | किसानको महल |
|---|---|---|---|---|---|
| सिरहा | जिभ्फौल | २ | ३६७ | ०-०-८.५ | - |

# छात्रवृत्ति अनुदानसम्बन्धी कार्यविधि स्वीकृत

काठमाडौं, २ असार। चिकित्सा शिक्षा आयोगले छात्रवृत्ति अनुदानसम्बन्धी कार्यविधि २०८३ स्वीकृत गरी जारी गर्ने निर्णय गरेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा प्रधानमन्त्री बालेन्द्र शाहको अध्यक्षतामा आज बसेको आयोगको बैठकले यो निर्णय गरेको हो। प्रधानमन्त्री शाहको प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालका अनुसार शिक्षा तथा खेलकुद र अर्थ मन्त्रालयबाट सहमति प्राप्त भएको २४ घण्टा नबित्दै आयोगले कार्यविधि पाश गरेर विगतदेखिको कानूनी अस्पष्टता र समस्यालाई दीर्घकालीन रूपमा समाधान गरेको हो।

नेपाल राजपत्रमा प्रकाशित केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश २०८३ मार्फत राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ मा दफा ५४ (ख) थपिएसँगै आयोगलाई आवश्यक निर्देशिका र कार्यविधि बनाउने कानूनी बाटो खुलेको थियो। यसअघि विधायन ऐन २०८१ को दफा ३५ का कारण आयोगका पुराना सबै निर्देशिका र कार्यविधि स्वतः अमान्य (खारेज) हुँदा कानूनी रिक्तता भएको थियो।

यो समस्या समाधानका लागि असार १ गते अर्थ मन्त्रालय र शिक्षा तथा खेलकुद मन्त्रालयबाट सकारात्मक रायसहितको सहमति प्राप्त भएको थियो। कार्यविधिले सार्वजनिक शिक्षण संस्थालाई निःशुल्क छात्रवृत्ति, स्नातकोत्तर तह (डीएम, एमसीएचसमेत) मा निःशुल्क छात्रवृत्ति उपलब्ध गराएबापत अनुदान वितरण गराउने बाटो खुलेको छ। यस कार्यविधिले आयोगको तर्फबाट चिकित्साशास्त्र अध्ययन गराउने शिक्षण संस्थालाई सबै तहमा (स्नातकोत्तर तह डीएम, एमसीएचसमेत) मा निःशुल्क छात्रवृत्ति उपलब्ध गराएबापत अनुदान वितरण गर्ने बाटो खुलेको छ।

# वन अतिक्रमण हटाउने सूचनामा आपत्तिजनक टिप्पणी गर्ने व्यक्तिले पक्राउ परेपछि मागे माफी

बारा, २ असार। वन अतिक्रमण हटाउन डिभिजन वन कार्यालय बाराले सार्वजनिक गरेको सूचनामा सामाजिक सञ्जालमार्फत उत्तेजक तथा आपत्तिजनक टिप्पणी गर्ने एक व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको छ। डिभिजन वन कार्यालयले गत शुक्रबार आफ्नो आधिकारिक फेसबुक पेजमार्फत निजगढ नगरपालिका वडा नं. २ स्थित वनदेवी सामुदायिक वन क्षेत्रभित्र रहेको अतिक्रमित जग्गा खाली गर्न सात दिने सूचना सार्वजनिक गरेको थियो।

उक्त सूचनामाथि प्रतिक्रिया जनाउँदै निजगढ नगरपालिका वडा नं. ९ निवासी एक पुरुषले 'जसले गरिब जनता उठाउन आउँछ, त्यहाँको जनता एक भएर त्यसको घाँटी छिनाउनुपर्छ' भन्ने आशयको टिप्पणी गरेका थिए। वन कार्यालयले उक्त टिप्पणीलाई सरकारी निकायका कर्मचारी तथा सुरक्षाकर्मीलाई लक्षित गर्दै हिंसा भड्काउने र सार्वजनिक शान्ति सुरक्षामा असर पार्ने खालको अभिव्यक्ति भएको ठहर गर्दै आवश्यक कारबाहीका लागि इलाका प्रहरी कार्यालय सिमरामा निवेदन दिएको थियो।

प्रहरीले ती व्यक्तिलाई जीतपुरसिमरा–३, बजनी क्षेत्रबाट नियन्त्रणमा लिएको हो। नियन्त्रणमा लिइएका व्यक्तिसँग प्रहरीले सोधपुछ गर्दा गल्ती स्विकार गर्दै 'आगामी दिनमा यस्तो टिप्पणी नगर्ने' भन्दै माफी मागेको इलाका प्रहरी कार्यालय सिमराले जनाएको छ। उनले लिखित रूपमा माफी मागेको र आगामी दिनमा यस्ता गतिविधि नगर्ने प्रतिबद्धता जनाएपछि साँझ छाडिएको प्रहरीको भनाइ छ। डिभिजन वन कार्यालय बाराका प्रमुख राजीव कुमार झाले वन क्षेत्र संरक्षणका लागि कानुनी प्रक्रिया अनुसार नै अभियान सञ्चालन भइरहेकाले सामाजिक सञ्जालमा जिम्मेवार अभिव्यक्ति दिन सबैलाई आग्रह गरेका छन्।

प्रमुख झाले सरकारी कामकारबाहीमा अवरोध पुऱ्याउने, कर्मचारी तथा सुरक्षाकर्मीलाई धम्की दिने वा हिंसात्मक गतिविधि उक्साउने कार्य कानुनविपरीत हुने उल्लेख गर्दै यस्ता घटनामा आवश्यक कानुनी कारबाही गरिने बताएका छन्। वन संरक्षण अभियन्ताहरूले पनि सामाजिक सञ्जालको प्रयोग गर्दा संयमता अपनाउन तथा असहमति भए कानुनी र सभ्य माध्यमबाट आफ्नो धारणा राख्न आग्रह गरेका छन्।

वन अतिक्रमण हटाउने विषयलाई लिएर विभिन्न स्थानमा बहस भइरहेका बेला सामाजिक सद्भाव र कानुनी शासन कायम राख्न सबै पक्ष जिम्मेवार बन्नुपर्ने झाको भनाइ छ।

# ११ वर्षअघि ससुराको हत्या गरी फरार दुई प्रतिवादी पक्राउ

सप्तरी, १ असार। सप्तरी प्रहरीले ११ वर्षअघि एक व्यक्तिको अपहरणपछि हत्या गरेको आरोपमा लामो समयदेखि फरार रहेका दुई जनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीले अपहरण गरी मारेको कर्तव्य ज्यान मुद्दामा संलग्न रहेको आरोपमा उनीहरूलाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा सप्तरीको सुरुङ्गा नगरपालिका–९ बस्ने ६९ वर्षीय दाउद मियाँ र सिरहाको लहान नगरपालिका–१९ बस्ने ६० वर्षीय नासिर भन्ने बसिर मियाँ रहेका छन्। दाउदलाई सुरुङ्गा–९ बाट जेठ २४ गते र नासिरलाई सप्तरीकै बलानबिहुल गाउँपालिका–१ बाट जेठ ३१ गते पक्राउ गरिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार २०७२ साल भदौ २९ गते राति करिब ७ बजे सुरुङ्गा नगरपालिका–९ बस्ने जाहेरवाला रोशन खातुनका ससुरा एनुल मियाँलाई उनीहरूकै समूहले अपहरण गरेको थियो। आफ्नै घरमा बसिरहेको अवस्थामा एनुललाई अपहरण गरी बलान खोलादेखि पूर्वतर्फ रहेको पैनीको बाटोमा लगेर पानीमा डुबाई तथा मुख थुनेर हत्या गरिएको प्रहरी विज्ञप्तिमा उल्लेख छ। उक्त घटनालगत्तै आरोपीहरू फरार भएका थिए। लामो समयदेखि लुकिछिपी बस्दै आएका उनीहरूलाई निरन्तरको खोजतलासपछि पक्राउ गर्न सफल भएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेका अनुसार पक्राउ परेका दुवै जनालाई सप्तरी जिल्ला अदालत राजविराजबाट म्याद थप गरी आवश्यक अनुसन्धान अघि बढाइएको छ।

# सर्लाहीको कबिलासीमा विकास योजनामाथि प्रश्न : स्टिमेट एकातिर, कार्यान्वयन अर्कैतिर

सर्लाही, २ असार। कबिलासी नगरपालिका–६ जमुनियामा सञ्चालन भइरहेको सडक ढलान योजनामा प्राविधिक मापदण्ड पालना नभएको आरोपसँगै स्थानीयस्तरमा विवाद चर्किएको छ। करिब १० लाख रुपैयाँ बजेटको उक्त योजनामा आवश्यक पूर्वतयारीबिना माटोमाथि नै ढलान गरिएको भन्दै स्थानीयवासीले छानबिनको माग गरेका छन्। स्थानीय नेता रामगोविन्द यादवका अनुसार योजनाअन्तर्गत सडक ढलान गर्नुअघि आवश्यक सब–बेस तथा बेस निर्माण नगरी सिधै माटोमाथि कंक्रिट ढलान गरिएको छ। उनका अनुसार वडाबाट स्वीकृत योजना पोखरीदेखि रामजी ठाकुरको घरसम्म सडक ढलान भए पनि कार्यान्वयनका क्रममा योजना परिवर्तन गरी पोखरीदेखि पलधारी रायको घरसम्म सडक ढलान भइरहेको छ।

योजनाको चौडाइबारे पनि विवाद देखिएको छ। स्थानीयका अनुसार सुरुमा १३ फिट चौडाइमा ढलान हुनुपर्ने भनिए पनि त्यसलाई घटाएर १० फिटमा सीमित गर्न खोजिएपछि स्थानीयवासीले विरोध जनाएका थिए। विरोधपछि हाल करिब ११ फिट चौडाइमा सडक ढलान भइरहेको दाबी गरिएको छ। स्थानीयहरूले आवश्यक संरचनागत तयारीबिना गरिएको ढलानले सडकको दीर्घकालीन गुणस्तरमा असर पुग्ने, चाँडै क्षति हुने तथा सार्वजनिक लगानी जोखिममा पर्ने चिन्ता व्यक्त गरेका छन्। निर्माण कार्य सम्बन्धित जनप्रतिनिधि तथा प्राविधिकको निगरानीमै भइरहेको भए पनि मापदण्ड पालना नभएको आरोप उनीहरूको छ।

यता कबिलासी नगरपालिकाका प्रमुख ब्रह्मदेव रायले भने योजना स्वीकृत स्टिमेटअनुसार नै सञ्चालन भइरहेको बताएका छन्। रातोपाटीसँगको कुराकानीमा उनले सडकमा ढुङ्गा बिछ्याएर त्यसमाथि ढलान गर्ने व्यवस्था स्टिमेटमै रहेको दाबी गरे। वडा नम्बर ६ का अध्यक्ष पुरुषोत्तम रायले पनि योजना मापदण्डअनुसार नै अघि बढिरहेको बताए। उनका अनुसार १० लाख रुपैयाँको बजेटमा ११ फिट चौडाइ, ६ इन्च मोटाइ तथा सोलिङ ग्राभेलमाथि ढलान गरिएको हो। योजना नाम परिवर्तनको विषयमा भने उनले प्रारम्भिक चरणमै नामाङ्कनमा त्रुटि भएको र त्यसलाई सच्याउने प्रक्रिया चलिरहेको स्वीकार गरे।

यसैबीच, नगरपालिकाका ओभरसियर अभिनन्दन रायले सोलिङ ग्राभेलमाथि सडक ढलान गर्ने अभ्यास सामान्य रहेको दाबी गरेका छन्। उनका अनुसार निर्माण कार्य कोटेशन प्रक्रियामार्फत सञ्चालन भइरहेको छ। स्थानीयवासीहरूले योजनाको तत्काल स्थलगत निरीक्षण गरी प्राविधिक मापदण्ड पालना भए नभएको निष्पक्ष मूल्यांकन गर्न माग गरेका छन्। मापदण्डविपरीत निर्माण भएको पुष्टि भए निर्माण कार्य रोक्का गरी जिम्मेवार पक्षमाथि कारबाही गर्नुपर्ने उनीहरूको भनाइ छ।

### *सिरहामा अवैध...*

कमला नदीबाट अवैध रुपमा बालुवा उत्खनन गरिरहेको अवस्थामा प्र.२-०-१-००१ख ०२०३, लु २ख. १८७७, ना.१ख ३५८१ नम्बरको टिपर र स्काभेटर नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सिरहका निमित्त सूचना अधिकारी इन्सपेक्टर नरेश लिम्बुले जानकारी दिए। नियन्त्रणमा लिएका सबै वारी साधन आवशयक कारबाहीको लागि सम्बन्धित पालिकामा बुझाएको प्रहरीले जनाएको छ।

# विद्युतका कर्मचारीले घुस मागे तत्काल खबर गर्नु : प्राधिकरण

काठमाडौं, २ असार। नेपाल विद्युत् प्राधिकरणले सेवा प्रवाहका क्रममा कसैले अतिरिक्त रकम वा घुस मागेमा तत्काल जानकारी गराउन सेवाग्राहीलाई आग्रह गरेको छ। प्राधिकरणले सूचना निकालेर सरल, पारदर्शी, प्रभावकारी र सेवाग्राही मैत्री विद्युत् सेवा प्रवाहप्रति प्रतिबद्ध रहेको र सुशासन कायम गर्न सेवाग्राहीसँग सहयोगको आह्वान गरेको हो।

प्राधिकरणले ग्राहकलाई तोकिएको प्रक्रिया र आधिकारिक माध्यमबाट मात्र सेवा लिन अनुरोध गरेको छ। सेवा लिने क्रममा कुनै पनि कर्मचारी वा व्यक्तिले तोकिएको शुल्कभन्दा बढी रकम मागेमा वा कुनै अनुचित कार्य गरेमा यथेष्ट प्रमाणसहित तत्काल जानकारी गराउन भनिएको छ। प्रमाणका आधारमा अनियमितता भएको पाइएमा कारबाही गरिने प्राधिकरणले जनाएको छ। गुनासा र अनियमितताको बारेमा जानकारी दिनका लागि प्राधिकरणले आधिकारिक सम्पर्क नम्बर र इमेल समेत सार्वजनिक गरेको छ।

सेवाग्राहीले वितरण तथा ग्राहक सेवा निर्देशनालयको फोन नम्बर ०१–४१५३१४५ अथवा जनसम्पर्क तथा गुनासो व्यवस्थापन शाखाको मोबाइल नम्बर ९८५१३३५५३६ मा सिधै सम्पर्क गरेर आफ्नो गुनासो दर्ता गराउन सक्नेछन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)